# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं फाल्गुन १३ गते ०८ साल

भाग २

## अर्थमन्त्रालयको सूचना

०८।११।१०

मध्येशको बाटो पाहाडतर्फ जाने मालको मध्येश बजारअड्डाबाट र पाहाडको भन्सारबाटसमेत महसूल लिन लाउने मनासिब नदेखिएको हुनाले आइन्दा मध्येश बजारको बाटो पाहाडतर्फ माल जानेमा मध्येशबजारअड्डाबाट महसूल नली मालधनीलाई वा भरियालाई बुझाइदिंदा सोअदत भाराको तौल नम्बर र माल थाहा हुने भारीमा यो यो माल भनी र थाहा नहुने भए बाकसबन्दी बोराबन्दी भनी सिलसिलेवार नम्बर खुलाई राखी आफैंले भरिया बन्दोबस्त गरी लगेको वा भरियानाइके जिम्मादिई चलाएकोसमेत खुलाई सो मालको भारीमा लाहाछाप लगाइदी बिचबाटामा खोलीं झिकेको ठहरे ३ तीन मैन्हा कैदसजाय सहुँला

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भन्ने मालधनी वा मालधनी नभए मालधनीको नाउँ वतन खुलाई माल भारी चलाउने मुख्य मानिसको कागत गराई मालको साथ साथै माथि लेखिएबमोजिम मालको अदत भारी तौल नम्बर र माल थाहा हुने गरी या योयो माल भनी र थाहा नहुने भए बाकसबन्दी बोराबन्दी केही खुलाई जुन भन्सारमा लगी खुलाउने हो; सो भन्सारका नाउँमा दिई चिम्पो चलानी लेखी दिई माल र चलानीकोसमेत भरपाइ गराइदी पठाई त्यसकिसिमबाट माल गएजतिको सो भन्सारका नाउँमा हुलाकबाट पनि जनाउ दिनू, भन्सारले पनि सो चलानीबमोजिमको मालहरू बाटाका म्यादबाहेक १५ दिनभित्र दाखिल भए नभएको जाँच्न लगत राखी त्यस किसिमबाट आएजति मालको लाहाछाप जाँचा भारी खोली लाग्ने भन्सार महसूल लिई भारी दाखिल भएको जनाउ ३ दिनभित्र बजारअड्डालाई दिनेगर्नु, बजार अड्डाका जनाउबमोजिमको माल म्यादभित्र नल्याएमा बुझी पत्ता लगाई ऐनसवाल बमोजिम गर्ने गर्नु। चिम्पो गराई नल्याएजति माललाई भैरहेको सवाल सरद बमोजिम गर्नु भन्ने आडर बजार भन्सारहरुलाई भई गएको छ।

## अर्थमन्त्रालयको सूचना ०८।११।१०

आफ्नो काम काजको निमित्त खाद्यान्नहरू घिउ, तेल, चामल, च्यूरा इत्यादि उपत्यकाञ्चलबाट निकाशा गर्नुपर्दा हाल गरेर आएझै खाद्यमन्त्रालयमा दरखास्त दिनुपर्छ। त्यस मन्त्रालयले मनासिब ठहराए परमिट दिएमा सो परमिट पेश गरेपछि काठमाडौं भन्सार र त्यसमातहतका चोटीहरुले सो परमिटबमोजिमको खाद्यान्न जाँची सवाल सनदले लिनुपर्ने महसूल लो छाडिदिने अर्थमन्त्रालयको स्वीकृती लिइरहनुपर्दैन।

---

**गोरखापत्र छापाखानाबाट प्रकाशित**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।